**प्लास्टिकको प्रयोग नगरौं, वातावरण स्वस्थ राखौं**

- प्लास्टिक चार सय वर्षसम्म कुहिदैंन,
- यसले जमीन तथा जल प्रदूषण गर्छ,
- प्लास्टिकका भाँडामा तातो खाद्य पदार्थ खाँदा क्यान्सर जस्तो घातक रोग लाग्न सक्छ,
- प्लास्टिक जलाउँदा वायुमण्डल प्रदूषित हुन्छ,
- खोलानाला वा समुद्रमा प्लास्टिक परे पानी प्रदूषित हुन्छ, त्यसैले प्लास्टिकको सट्टा कागज र कपडाले बनेका झोला प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com





निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com



❖ वर्ष ३८ ❖ २०८१ पुस १५ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 December 30 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १२२


## मधेसको विकास एमालेले गरेको थियो, फेरि पनि गर्छ -प्रधानमन्त्री ओली

प्रमोद यादव, पंचगावाँ, १४ पुस/

प्रधानमन्त्री एवं नेकपा एमालेका आइतवार आयोजित आमसभामा प्रधानमन्त्री ओलीले देशमा राजनीतिक सरकारले हुलाकी राजमार्गको काम अगाडि बढाएको र सो राजमार्गमा पर्ने



तस्वीरः प्रतीक

अध्यक्ष केपी शर्मा ओलीले तराई–मधेसको सामाजिक र आर्थिक विकास एमालेले गर्ने दाबी गरेका छन् ।

पर्सा जिल्लाको सखुवाप्रसौनी गाउँपालिकाको दीपनारायण मावि, पंचगावाँअगाडिको खुला मैदानमा क्रान्ति समाप्त भइसकेको र अब आर्थिक उन्नतिका काममा सरकार लागिपरेको भन्दै सबै दललाई आर्थिक क्रान्तिमा लाग्न जोड दिए ।

उनले मधेसका जनताको जीवनस्तर सुधारका लागि एमाले नेतृत्वको १० वटा शहरलाई स्मार्टसिटी बनाउने योजना पनि एमाले सरकारले नै ल्याएको दाबी गरे । ओलीले तराई–मधेसका सवा लाख बिघा जग्गा सिञ्चित गर्नको लागि सुनकोशी–मरिन डाइभर्सन सिंचाइ आयोजना निर्माणको कार्य पनि एमाले सरकारकै बखतमा भएको बताए ।



उनले कृषिलाई आधुनिकीकरण गर्दै किसानको जीवनस्तर उकास्नको लागि एमाले नेता, कार्यकर्ताहरूले ध्यान पुऱ्याउनुपर्ने बताए । प्रधानमन्त्री ओलीले मधेसका महिलाहरूलाई घरबाहिर निस्कन हौसला प्रदान गर्ने कार्य पनि एमाले कार्यकर्ताहरूले गरेको दाबी गर्दै युवाहरूलाई दुर्व्यसनको कुलतमा नलाग्न एमाले कार्यकर्ताहरूलाई सक्रिय भएर लाग्न निर्देशन दिए । प्रम ओलीले देशमा अस्थिरता बढेर फोहरी राजनीति हाबी हुन थालेपछि त्यसलाई सही गतिमा ल्याउन एमालेले नेपाली काङ्ग्रेससँग गठबन्धन गरी संयुक्त सरकार बनाएको र यही सरकारले देशका बेथिति, अस्थिरतालाई हटाउने बताए । उनले मधेसको विकासमा पनि नेका–एमाले सरकारले काम गर्ने र यसलाई कसैले रोक्न नसक्ने बताए ।

उनले एमाले सरकारमा रहँदा मधेसलगायत देशमा शुरू भएका विकास निर्माणका कार्यलाई अहिलेको सरकारले पूर्णता प्रदान गर्ने घोषणा गरे । प्रधानमन्त्री ओलीले एमालेले मिशन ८४ सफल बनाउन काम गर्दै आएको र त्यसको परिणाम निर्वाचनबाट आउने बताए । एमालेले एकल बहुमतको सरकार बनाउन सफल भएमा मिशन ८४ सफल हुने दाबी गरे ।

नेकपा एमाले, पर्साका अध्यक्ष डा विश्वम्भर शर्माको अध्यक्षतामा भएको कार्यक्रममा सङ्घीय मामिला तथा स्थानीय विकासमन्त्री राजकुमार गुप्ता, पूर्वमन्त्री ज्वाला साह, एमाले मधेस प्रदेशका इन्चार्ज लीलानाथ श्रेष्ठ, पर्सा इन्चार्ज तथा सांसद प्रभु हजरालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रमको सहजीकरण एमाले पर्साका सचिव महेश दासले गरेका थिए ।

### सखुवाप्रसौनीमा अघोषित बिदा

प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली आइतवार सखुवाप्रसौनी गापामा आउने कार्यक्रम भएपछि यहाँका शैक्षिक तथा प्रशासनिक सेवाहरू ठप्प भए ।

कार्यक्रमस्थल अगाडि रहेको दीपनारायण माविमा घोषितरूपमा बिदा दिइएको थियो । पालिकामा रहेका २९ वटा सामुदायिक विद्यालय भने अघोषितरूपमा बन्द रहे । शिक्षा शाखा प्रमुख नेपालेन्दु साहले दीपनारायण माविलाई घोषितरूपमा बिदा दिइएको तर अन्य विद्यालयहरू तीन घण्टी सञ्चालन भएर बन्द भएको बताए । उनले पालिकाले कुनै पनि विद्यालयलाई बन्द गर्न निर्देशन नगरेको जानकारी गराए ।

गापाका सूचना अधिकारी राजेश रौनियारले प्रधानमन्त्री आउने भएपछि स्वस्फूर्तरूपमा विद्यालयहरू बन्द भएका र कार्यालयहरूमा पनि कामकाज प्रभावित भएको बताए । गापा कार्यालयले कुनै पनि संस्थालाई घोषितरूपमा बन्द गर्न निर्देशन नदिएको बताए । प्रम आउने दिन आज सखुवाप्रसौनीका शैक्षिक संस्था मात्र होइन, स्वास्थ्य तथा वडा कार्यालयबाट प्रदान गरिने सेवा पनि प्रभावित भएका थिए । कार्यालयहरू नामका लागि मात्र खुलेका थिए, सेवाप्रवाह भएन ।

## इबी साँध्न रूम्बाको हत्या

प्रस, वीरगंज, १४ पुस/

जिल्ला प्रहरी कार्यालय, बाराले आइतवार पत्रकार सम्मेलन गरी



तस्वीर सौजन्यः जिप्रका, बारा

राजकुमार रूम्बाको हत्या सम्बन्धमा हालसम्म भएको प्रगतिबारे जानकारी गराएको छ ।

पत्रकार सम्मेलनमा रूम्बा हत्या घटनामा अहिलेसम्म तीनजना पक्राउ परेको बारा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले बताए । उनले रूम्बाले चलाएको कारको धनी जिल्ला महोत्तरी, जलेश्वर नगरपालिका–३ घर भई राष्ट्रिय अनुसन्धान कार्यालय, बारामा दरबन्दी रहेर सिमरा विमानस्थलमा कार्यरत अनुसन्धान विभागका अधिकृत श्रीकान्त तिवारी, जीतपुरसिमरा उपमहानगर–१९ निवासी २७ वर्षीय पुरुषोत्तमकुमार दास र २० वर्षीय इन्द्रजीतकुमार चौहान गरी तीनजना पक्राउ परेको बताए ।

उनले पक्राउ परेकाहरूविरुद्ध बारा जिल्ला अदालतबाट सात दिनको म्याद थपेर कर्तव्य ज्यान मुद्दाको कसूरमा अनुसन्धान भइरहेको जानकारी गराए । यही पुस ६ गते जीतपुरसिमरा उपमनपा–११ बकुलियादेखि रमौली–लोसन्डा जाने सडकखण्डमा बाग्मती प्रदेश ०१–०२८ च ७६१६ नम्बरको कारमा रूम्बा मृत भेटिएका थिए । उनको शवको शल्यपरीक्षणपछि टाउकोमा गोली लागेको पुष्टि भएको थियो ।

बारा प्रहरीले घटनाबारेमा अनुसन्धान गर्दा रूम्बासँग पुरानो इबी भएको र चोरी तथा लुटपाटको उद्देश्यले हत्या गरिएको दाबी गरेको छ । घटनापछि बारा प्रहरीले मृतक रूम्बाले लगाएको सुनको सिक्री दास कार्यरत जय माँ इञ्जिनीयरिङ वर्कशपबाट बरामद भएको बताए । दासको जिन्सको पाइन्टभित्र सुनको सिक्री बरामद भएको बारा प्रहरीको दाबी छ । यसैगरी, रूम्बाको पर्स पनि दासबाटै बरामद भएको प्रहरीले दाबी गरेको छ । मृतक रूम्बा प्रहरी चौकी विमानस्थलको सहयोगीमा कार्यरत थिए ।

## ठोरी गापामा जङ्गली जनावरको आतङ्क बढ्दो
## जङ्गली जनावरले सुर्तीबाली पनि छाडेनन्

माधव तिमिल्सीना, ठोरी, १३ पुस/

कहिले हात्तीको आतङ्क अनि कहिले बाघबाट ज्यान जोगाउन धौधौ हुने जाडोयाम शुरू भएसँगै ठोरीमा जङ्गली जनावरको आतङ्कले किसानले भोग्नुपर्ने हैरानी पनि हरेक वर्ष बढ्दै खेतबारीमा जङ्गली जनावरले रजाइँ गर्न थालेपछि ठोरीका किसानको चिन्ता थपिएको छ ।



जङ्गली जनावरलाई तर्साउन बालीमा झुन्ड्याएर राखिएका कपडाहरू । तस्वीरः प्रतीक

ठोरीवासीको पीडा नै हो । खोरमा झम्टिएर बाघले बाख्रा नै लैजाने गरेको त हिसाबकिताब नै हुन छाडिसक्यो ठोरीमा । ठोरीवासीलाई जङ्गली जनावरबाट ज्यान मात्र जोगाएर पुग्दैन, वर्षभरि खानुपर्ने अन्नबाली पनि जोगाउनुपर्ने ठूलो चुनौती छ । जान थालेको छ । जङ्गल किनारका खेतबारीमा लगाइएका तोरी, गहुँ, आलु, कोदोलगायतका हिउँदेबाली मात्र होइन पछिल्लो समय जनावरकै आतङ्कबाट बच्न लगाइएको सुर्तीबालीमा समेत जनावरले क्षति पुऱ्याउन थालेका छन् । जङ्गल किनारमा लगाइएका तारबारसमेत नाघेर

ठोरीका अधिकांश खेतबारीमा फाटेका लत्ताकपडा टाँगेर मान्छेजस्तै पुतला बनाएर पनि कुनै उपाय नलागेको किसानले बताएका छन् । घरभरि भएका थोत्रा कपडा लगेर खेतबारीमा झुन्ड्याउँदा पनि जनावरले दुःख दिन नछोडेको ठोरी–४ का किसान हरि तिमिल्सिनाले बताए । पर्सा राष्ट्रिय निकुञ्जबाट करीब दुई किमी दक्षिणतर्फ रहेको गाउँसँगै जोडिएको आफ्नो तोरीबालीमा जङ्गली जनावर ओहोरदोहोर गरेर ठूलो नोक्सानी पुऱ्याएको उनले बताए । जनावरकै कारण तोरी र गहुँ बालीमा क्षति पुगेको ठोरी–२ बुद्धनगरका किसान जीवनाथ ढुङ्गेलले बताए । ८० वर्षीय ढुङ्गेलले आफ्नो जीवनकालमा यसभन्दा अघि यतिधेरै जनावरले दुःख कहिल्यै नदिएको स्मरण गर्दै बताए । अध्यात्ममा विश्वास राख्ने ढुङ्गेलले कलियुगमा जनावरहरू खेतबारीमा छाडा भएर चर्ने कुरा आफूले शास्त्रमा पढेको बताउँदै शायद कलियुग यही भएको भनेर चित्त बुझाएको बताए ।

विद्युत् सुविधा पुगेका खेतबारीमा किसानले जनावर धपाउनकै लागि रङ्गीन बत्ती जडान गरेका छन् । रातभरि खेतमा बिजुली महसूल तिरेर भएपनि किसानले रङ्गीचङ्गी बत्ती बाल्छन् तर कतिबेला जनावर चर्न आइपुग्छ, किसानले पत्तो


(बाँकी अन्तिम पातामा)





## विचारसार र सूक्तिहरू

गुरुले हामीलाई सिकाउँछन्, तर परीक्षा चलिरहेको बेला गुरु मौन रहन्छन् ।

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# ज्येष्ठ नागरिकको लागि सोचौं

ज्येष्ठ नागरिक कुनै पनि समाजका अनुभवी र सम्मानित सदस्य हुन् । उनीहरूले आफ्नो जीवनकालमा समाज, परिवार र देशका लागि दिएका योगदान अतुलनीय छन् । तर नेपालमा ज्येष्ठ नागरिकले सम्मान, सुरक्षा र सहज जीवनका लागि व्यवस्था मिलाउनेतर्फ सत्ता उदासीन छ । ज्येष्ठ नागरिकप्रति समाज संवेदनहीन छ भने राज्य गैरजिम्मेवार बनेको छ । ज्येष्ठ नागरिकले पाउउने सामाजिक सुरक्षा भत्ता चुनावी चारो छरे सरह भएको छ । ज्येष्ठ नागरिकको भत्ता राज्यलाई भार भएको छ । चुनाव नआएसम्म भत्ता वृद्धि हुँदैन । ज्येष्ठ नागरिकको लागि भनेर नियम, ऐन, कानूनहरू टन्नै बनेका छन् तर कार्यान्वयन हुँदैनन् । जापानजस्ता सम्पन्न मुलुकहरूमा ज्येष्ठ नागरिकको स्वास्थ्य, सुरक्षा र जीवनस्तर सुधारका लागि पर्याप्त स्रोतसाधन परिचालन गरिएको देखिन्छ । सन् २०२५ को लागि जापानले पारित गरेको ११५.५ ट्रिलियन येनको बजेटमा सामाजिक कल्याणका लागि ३८.३ ट्रिलियन येन सामाजिक सुरक्षाका लागि छुट्याएको छ । सामाजिक सुरक्षामा पनि मुख्यगरी ज्येष्ठ नागरिकलक्षित बजेट छ । यस्तो व्यवस्थाले त्यहाँका ज्येष्ठ नागरिकलाई जीवनको उत्तरार्धमा सहज र सम्मानजनक जीवन सुनिश्चित गरिरहेको छ ।

हाम्रो मुलुकमा ज्येष्ठ नागरिकहरूको अवस्था पीडादायक छ । धेरै ज्येष्ठ नागरिक घरपरिवारबाटै ठगीका शिकार भएका छन् । उनीहरूको सम्पत्ति जबरजस्ती सहीछाप गराएर लुट्ने, मानसिक यातना दिने र पारिवारिक बहिष्कार गर्ने जस्ता घटना बारम्बार सार्वजनिक भइरहेका छन् । घरपरिवार मात्र होइन, समाज र राज्यले पनि ज्येष्ठ नागरिकको हेरचाहलाई प्राथमिकतामा राखेको देखिन्न । उनीहरूलाई वृद्धाश्रममा पठाएर पन्छिने प्रवृत्ति बढ्दो छ । सरकारले ज्येष्ठ नागरिकलाई निश्शुल्क स्वास्थ्य बीमाको व्यवस्था गरेको छ । तर यो सेवा लिनु आफैंमा झन्झटिलो छ । अस्पताल जाँदा उनीहरूले सेवा प्राप्त गर्न लामो प्रतीक्षा गर्नुपर्छ, हेलाको व्यवहार सहनुपर्छ र कहिलेकाहीं त उचित उपचार पनि पाउँदैनन् । विकसित मुलुकहरूले ज्येष्ठ नागरिकका लागि गरेका व्यवस्थाहरू नेपालका लागि प्रेरणादायक छन् । जापानमा सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिकलाई पर्याप्त आर्थिक सहयोग दिइन्छ । यसले उनीहरूलाई आत्मनिर्भर बनाउँछ । नेपालमा पनि न्यूनतम भत्ता त उपलब्ध छ, तर यसको दायरा र प्रभावकारिता बढाउन आवश्यक छ ।

विकसित मुलुकहरूमा ज्येष्ठ नागरिकका लागि विशेष स्वास्थ्य बीमा र सहज सेवा उपलब्ध हुन्छन् । नेपालमा यो प्रक्रिया सहज र सरल बनाउन विशेष अभियान सञ्चालन गर्न आवश्यक छ । परिवार र समाजबाट हुने हिंसा र ठगीलाई रोक्न कडा कानून र यसको कार्यान्वयन जरुरी हुन्छ । नेपालजस्तो विकासोन्मुख मुलुकमा स्रोतसाधनको अभावका बावजूद पनि चाहने हो भने ज्येष्ठ नागरिकका लागि केही महत्त्वपूर्ण सुधार गर्न नसकिने होइन । स्वास्थ्य सेवामा ज्येष्ठ नागरिकलाई प्राथमिकता दिने छुट्टै काउन्टर र विशेष सेवा प्रणाली लागू गर्न सकिन्छ । त्यसैगरी, वृद्धभत्ताको रकम महँगी एवं समय अनुकूल वृद्धि गर्नुका साथै यसको वितरण प्रक्रिया सहज गर्न सकिन्छ । सम्पत्ति ठगी, हिंसा र उपेक्षाविरुद्ध कडा कानूनी प्रावधान ल्याएर यसको पालना गराउन सकिन्छ । साथै जनचेतना कार्यक्रम सञ्चालन गरेर परिवार र समाजलाई जिम्मेवार बनाउन सकिन्छ । यी कुराहरूका लागि ठूलो रकम लाग्दैन ।

# दक्षिण एशियाली राष्ट्रको पहिचान : सांस्कृतिक विविधता

शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com

**दक्षिण एशियाका स्वदेशी आदिवासी समुदाय आफ्नो सांस्कृतिक विरासत र पारम्परिक ज्ञानमा समृद्ध छन् । उनीहरू सदीयौंदेखि प्रकृतिसँग तालमेल स्थापित गर्दै आफ्नो विशिष्ट पहिचान कायम राखेका छन् ।**

महात्मा गाँधीले के भनेका छन्– "संस्कृति कुनै पनि देश र समुदायको आत्मा हो ।" यस सन्दर्भमा दक्षिण एशियाली राष्ट्रहरू, जसमा आठवटा विभिन्न राष्ट्र सामेल छन्, एउटा यस्तो क्षेत्र हो जो समृद्ध संस्कृतिले भरिपूर्ण छ । यहाँका विविध संस्कृति र पहिचान चारैतिर छरिएको छ । पश्चिमी समाजको विपरीत, जहाँ देश सामाजिक सामञ्जस्यको प्रतीक हुन्छ, दक्षिण एशियाली राष्ट्रहरू यस्ता अनौठो आख्यानहरूलाई चुनौती दिइरहेको छ । यस क्षेत्रको गतिशील सांस्कृतिक परिदृश्य विभिन्न भाषा, विविध धर्म र जाति तथा परम्परामाथि जोड दिन्छ जसले यसलाई जीवन्त राख्न महत्त्वपूर्ण योगदान दिएको छ ।

दक्षिण एशियाली राष्ट्रहरू, आफ्नो जटिल र कहिलेकाहीं उकालो–ओरालोले भरिएको इतिहासका बावजूद एउटा गहिरो ऐतिहासिक सम्बन्धसँग जोडिएका छन् । औपनिवेशिक शासनको अनुभव, स्वतन्त्रताको लागि सामूहिक सङ्घर्ष, गरीबी तथा पर्यावरणीय असन्तुलनजस्तो साझा चुनौतीहरूले दक्षिण एशियाली राष्ट्रहरूलाई एकजुट राख्न र क्षेत्रीय सहयोगको भावनालाई प्रोत्साहित गर्न मदत गरेको छ । यो साझा ऐतिहासिक पृष्ठभूमि वर्तमान र भविष्यका चुनौतीहरूसँग सामना गर्नका लागि सहयोगात्मक प्रयास र सामूहिक कारबाईलाई आधार प्रदान गर्दछ ।

दक्षिण एशियाली राष्ट्रहरूमा बहुलवादी संस्कृति, प्राचीन विविधता तथा समृद्ध अभिव्यक्तिहरू यस क्षेत्रको विशाल जनसङ्ख्यालाई प्रतिविम्बित गर्दछ । यसमा विभिन्न जाति, भाष, धर्म र परम्पराहरू सामेल छन् । यस्ता समूहहरूमा इन्डो–आर्यन, द्रविड, तिब्बती–बर्मन, मङ्गोलियन, आस्ट्रो–एशियाटिक्स र अन्य पनि सामेल छन् । यी प्रत्येक समूहको बेग्लाबेग्लै इतिहास, संस्कृति र पहिचान छ जुन भूगोल, बसोवास, उपनिवेशीकरण र वैश्वीकरणजस्ता कारकले प्रभावित छन् ।

दक्षिण एशियाली देशहरूमा एक प्रकारको विविधतापूर्ण परिवेश देखा पर्छ, जसमा इस्लामको हरियो रंगको प्रधानता सुफी रहस्यवादको जीवन्त पक्ष र असङ्ख्य क्षेत्रीय भाषाहरू समावेश छन् । यो विविधता धार्मिक तथा भाषाको सीमाबाट टाढा छ । सँगसँगै यसमा पाककला, कलात्मक रूप वा सामाजिक परम्पराहरू पनि सम्मिलित छन् जसले यस क्षेत्रको परस्पर सम्बद्ध प्रकृतिलाई दर्शाउँछ ।

यस विविधताको उदाहरणमा सिन्धी सामेल छन् जो इन्डो–आर्यन जातीय समूह हो । यो मुख्यरूपले पाकिस्तानको सिन्ध प्रान्त र पश्चिमी भारतमा बसोवास गर्छ ।

दक्षिण एशियाको सांस्कृतिक परिदृश्य एउटा विदुषकजस्तै छ जहाँ कैयन भाषा, धर्म, जाति तथा रीतिरिवाज विद्यमान छन् । भारतमा हिन्दू, इस्लाम, इसाई, सिख, बौद्ध धर्म र विभिन्न क्षेत्रीय परम्पराहरूको ज्वलन्त रंग अनुभव गर्न सकिन्छ । यी बेग्लाबेग्लै धार्मिक र सांस्कृतिक प्रथाहरू हिन्दी, तामिल, बङ्गाली, तेलगुजस्ता भाषाहरूसँगै सहजताले जोडिएको छ ।

तामिल एउटा द्रविड जातीय समूह हो जो तामिलनाडु, उत्तरी तथा पूर्वी श्रीलङ्कामा केन्द्रित छ जो विश्वको सबैभन्दा पुरानो साहित्यिक परम्परामध्ये एउटालाई प्रदर्शित गर्दछ । उनीहरूको भोजन पनि उत्तिकै विशिष्ट हुन्छ जसमा चामल, दाल, मसला र नरिवलमाथि जोड दिइन्छ । एक आपसमा जोडिएका यस्ता पहिचान समाजका मात्र निष्क्रिय पक्ष नभई व्यक्तिगत र सामूहिक अनुभवलाई सक्रियरूपले आकार प्रदान गर्दछ । पश्तो र बङ्गाली भाषाहरू सीमा पार गरेर क्षेत्रीय सांस्कृतिक एकताको भावनालाई दर्शाउँछ । दीपावली र ईद–उल–फितरजस्ता पर्वले समुदायको खुशी साझा गर्छन् । यसैगरी मध्य र पश्चिमी नेपालमा तिब्बती–बर्मी जातीय समूह गुरुङले आफ्नो भाषा, धर्म र सामाजिक सङ्गठनलाई कायम राखेको छ । ब्रिटिश तथा भारतीय सीमामा आफ्नो बहादुरीका लागि प्रसिद्ध गुरुङहरूको नववर्षको उपलक्ष्यमा मनाउने एउटा जीवन्त पर्व तमु ल्होसार हो । यहाँसम्म कि दक्षिण भारतको करी, नेपालको मोमोदेखि अफगानिस्तानको सुगन्धित पुलावसम्म यस क्षेत्रको साझा पाककलाको परम्परा रहेको छ । यी सांस्कृतिक अभिव्यक्तिहरू दक्षिण एशियालाई सामूहिक पहिचानमा गाँस्ने सूत्र हुन् ।

हुनत भारतमा दलित, नेपालमा मधेसी तथा म्यान्मामा रोहिंग्याहरूलाई आफ्नो समावेशिताको लागि कहिलेकाहीं सङ्घर्ष गर्नुपरेको छ । तर साझा सांस्कृतिक विरासत, आन्तरिक विविधताले प्रत्येक राष्ट्रको सामाजिक संरचनालाई महत्त्वपूर्णरूपले प्रभावित गर्दछ । बढी समावेशी र निष्पक्ष समाजलाई बढावा दिनको लागि यी देशहरूमा बेग्लाबेग्लै समुदाय अगाडि आउने चुनौतीहरूलाई स्वीकार गरेर त्यसको समाधानमा उचित ध्यान दिनु आवश्यक छ ।

सांस्कृतिक आदानप्रदान कार्यक्रम, शैक्षिक पहल र नीतिहरू जसले भुईं सतहमा रहेका समूहको आवश्यकतालाई सम्बोधन गर्दछ, त्यसले दक्षिण एशियाली समाजको निर्माणमा योगदान दिन सक्छ । यस ठूलो चित्रपटभित्र समाहित हरेक सांस्कृतिक सूत्रको मूल्य चिन्ने र उसको प्रशंसा गर्नेमाथि जोड दिनुपर्छ जसबाट साझा पहिचानको भावना बढेर जान्छ । साझा सांस्कृतिक धरोहरले एकता र संवाद बढाउन एउटा बलियो उपकरणको रूपमा कार्य गर्दछ । दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन तथा दक्षिण एशियाली खेलजस्ता प्रयासले सांस्कृतिक आदानप्रदान, आर्थिक सहयोग र सङ्घर्ष समाधानको अवसर प्रदान गर्छ ।

साहित्य, सिनेमा, सङ्गीत राष्ट्रिय सीमाभन्दा बाहिर पनि जान्छ जसले साझा अनुभव प्रदान गर्छ र बेग्लाबेग्लै समुदायहरूबीच आपसी समझदारीलाई बलियो बनाउँछ । बलीवुड र क्रिकेट दुई दिग्गज हुन्, जो सीमालाई पार गरेर दुनियाँभरिमा दक्षिणन एशियाली नागरिकलाई एकजुट गर्ने काम गर्छन् । भारत, पाकिस्तान, बङ्गलादेश, अफगाजिस्तान र नेपाल सबैको आआफ्नै क्रिकेट टीम छ । वर्तमानमा विश्वमा क्रिकेटका थुप्रै प्रशंसकहरू छन् । यी दुवै उद्योगले विश्व मञ्चमा दक्षिण एशियाली संस्कृतिलाई प्रस्तुत गर्नुको साथै पहिचान र गौरव बढाउँछन् ।

दक्षिण एशियाका स्वदेशी आदिवासी समुदाय आफ्नो सांस्कृतिक विरासत र पारम्परिक ज्ञानमा समृद्ध छन् । उनीहरू सदीयौंदेखि प्रकृतिसँग तालमेल स्थापित गर्दै आफ्नो विशिष्ट पहिचान कायम राखेका छन् । संथाल भारत, बङ्गलादेश र नेपालका सबैभन्दा ठूलो समूहमध्ये एक हो । उनीरूको आफ्नै भाषा, धर्म, लिपि र कला छ । उनीहरू आफ्नो स्वदेशी शिक्षा प्रणालीका लागि प्रचलित छन् जो मौखिक र पैतृक ज्ञानमा आधारित छ । यसैगरी बेड्डा श्रीलंकाका मूल निवासी हुन् । उनीहरू जङ्गलमा शिकार गर्छन् र गुफामा बस्छन् । उनीहरूको पनि आफ्नै भाषा छ जुन सिंहलीसँग सम्बन्धित छ । प्रकृतिसँग उनीहरूको गहिरो सम्बन्ध छ । उनीहरू आफ्नो पूर्वजको आत्मा तथा प्राकृतिक तत्त्वको पूजा गर्छन् ।

दक्षिण एशियामा भवनको डिजाइन र निर्माण भूगोल, हावापानी, त्यस क्षेत्रमा भएको सामग्री, धर्म र संस्कृतिजस्ता विभिन्न कारकहरूसँग प्रभावित रहेको छ । प्रत्येक देशको आफ्नो वास्तुकलाको विरासत र शैली छ, जसले अद्वितीय इतिहास र पहिचानलाई दर्शाउँछ । काठ, ढुङ्गा, ईंटा र माटोजस्ता स्थानीय सामग्रीहरूको उपयोग गरी यस्ता संरचना तयार गरिन्छ जुन पर्यावरण र उपलब्ध संसाधन अनुकूल हुन्छ । उदाहरणको लागि नेपालको हिमाली क्षेत्रमा काठको घर सामान्य छ भने सुख्खा क्षेत्रमा माटो र ईंटाको घर प्रचलित छ ।

वास्तुकलाको डिजाइन सांस्कृतिक मूल्य र परम्परा साथ सहजतासँग मिश्रित हुन्छ, जसमा सामञ्जस्य, सन्तुलन, समरूपता र अनुपातजस्ता प्रमुख तत्त्व सामेल हुन्छ । उदाहरणका लागि भारतको ताजमहल र नेपालको जानकी मन्दिर मुगल वास्तुकलाका उत्कृष्ट कृति हुन् । श्रीलङ्कामा सिगिरिया राक किला प्राचीन शहरको उदाहरण हो जो प्रकृति, कला र इन्जिनीयरिङलाई एकीकृत गर्दछ । बङ्गलादेशको नेशनल असेम्बली भवन स्मारकजस्तो संरचना हो जुन इस्लामी, बङ्गाली र ब्रूटलिस्ट वास्तुकलासँग जोडिएको छ ।

दक्षिण एशियाको विवधतापूर्ण साफ्ट पावर बुझ्नु आवश्यक छ किनभने प्रत्येक देशको आफ्नो अनौठो सांस्कृतिक ताकत हुन्छ । विविधताको साथै साझा पहिचानबाट क्षेत्रीय सहयोगलाई बढावा दिन, वैश्विक चुनौतीहरूको सामना गर्न र सकारात्मक अन्तर्राष्ट्रिय छवि बनाउन सामूहिक साफ्ट पावरको उपयोग गर्न सकिन्छ । सामाजिक असमानता हटाउन र प्रत्येक राष्ट्रमा समावेशितालाई बढावा दिन आन्तरिक विविधता स्वीकार गर्नु महत्त्वपूर्ण हो । यस क्षेत्रको भविष्य यसको समृद्ध सांस्कृतिक विरासतलाई चिनेर तथा त्यसबाट आनन्द लिनेमाथि निर्भर छ । दक्षिण एशिया बहुलवादको सराहना गरेर भू–राजनीतिक विभाजनबाट टाढा गएर आफ्नो विविधतामा एकता खोजेर समृद्ध बन्न सक्छ ।

# लायन्स सिटीद्वारा आँखा शिविर

प्रस, वीरगंज, १४ पुस/

लायन्स क्लब अफ वीरगंज सेन्ट्रल सिटीको आयोजनामा आइतवार वीरगंज महानगर–१६ स्थित अनामिका चाइल्ड भिजन स्कूलमा आँखा तथा दाँत शिविर सम्पन्न भएको छ ।




लायन्स सिटीका भ्वाइस डिस्ट्रिक गभर्नर रामबिहारी पाण्डेले शिविरको उद्घाटन गरेका थिए । एभरेस्ट दन्त क्लिनिक र किरण आँखा अस्पतालको सहकार्यमा आयोजित शिविरमा पिजीदेखि कक्षा २ का १२० जना विद्यार्थीहरूको आँखा र दाँत परीक्षण गरिएको थियो । चाजना विद्यार्थीको आँखामा समस्या देखिएको बताइएको छ ।

कार्यक्रममा लायन्स सिटीकी सुशीला साह, देवन्ती साह, कविता खड्का, सुगन्धी कुशवाहा, डिएन अग्रवाल, नरोत्तम पाण्डे, स्कूलकी सञ्चालिका अनामिका मिश्र, रेडक्रसका अभिलाष गुप्तालगायतको सहभागिता थियो । यसैगरी, किरण आँखा अस्पतालका प्राविधिक गुडिया महतो, कविता पोखरेल, राजकुमारी भण्डारी, एभरेस्ट दन्त क्लिनिकका प्राविधिक डा डिल्लीराम भण्डारी, डा बाबुजान अलीलगायतले प्राविधिक सहयोग गरेका थिए ।

# नेपाल र भारतका सशस्त्र सीमा बलबीच बैठक

प्रस, निजगढ, १४ पुस/

सशस्त्र प्रहरी बल नेपाल र भारतीय सशस्त्र सीमा सुरक्षा बलबीच समन्वयात्मक बैठक सम्पन्न भएको छ ।

बैठकमा सीमा सुरक्षा, अपराध नियन्त्रण तथा रोकथाम, लागूऔषध नियन्त्रण, सीमामा हुने आपराधिक गतिविधि नियन्त्रणलगायतका विषयमा छलफल भएको थियो । बैठकमा सशस्त्र प्रहरी बल नेपाल नं २ छिन्नमस्ता वाहिनी मुख्यालय महोत्तरीका वाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक कालीदास धौवजीले सीमा अपराध नियन्त्रणका लागि सूचनाको आदानप्रदान तथा नियमित समन्वय तथा सहकार्य अपरिहार्य रहेको बताए । उनले नयाँ प्रकृतिका आपराधिक गतिविधिलाई समेत समयमा पहिचान गरी आपसी समन्वयमा समाधान गर्दै लैजानुपर्नेमा जोड दिएका थिए ।



(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# जलवायु परिवर्तनको असरले श्रमिक समस्यामा

काठमाडौं, १४ पुस/रासस

पछिल्लो समय बढ्दै गइरहेको जलवायु परिवर्तनको असरले श्रम क्षेत्रमा पनि समस्या बढाएको सरोकार भएकाहरूले बताएका छन्। आइतवार क्लास नेपालले आयोजना गरेको ‘श्रमिकमा जलवायु परिवर्तनको प्रभावमा बहुपक्षीय संवाद’मा सहभागीले जलवायु परिवर्तनले देखिएका श्रम समस्या समाधानका बहस आवश्यक रहेको बताएका छन्।

वन तथा वातावरण मन्त्रालयका सहसचिवसमेत रहेका रेड कार्यान्वयन केन्द्रका प्रमुख नवराज पुडासैनीले जलवायुजन्य जोखिमबाट श्रमिकलाई बढी समस्या उत्पन्न हुने भएकाले यसको समाधान तत्काल गर्नुपर्ने बताए। “कुनै विपद् आयो भने सबैभन्दा बढी श्रमिकलाई असर गर्छ, जलवायु परिवर्तनले हिमालको हिउँ पग्लदै छ। पर्यटन व्यवसाय धरापमा परी त्यहाँ काम गर्ने श्रमिकको रोजीरोटी खोसिन सक्छ,” उनले भने, “कृषिमा पनि त्यस्तै असर परिरहेको छ। कृषि उत्पादन कम हुँदा कृषिमा काम गर्ने श्रमिकलाई असर गर्छ।”

पुडासैनीले जलवायु परिवर्तनको असरले तापक्रममा वृद्धि भई बाहिरी वातावरणमा काम गर्न नसक्ने अवस्था सिर्जना हुन सक्ने भन्दै दैनिक ज्याला गरेर गुजारा टार्ने श्रमिक मारमा पर्ने बताए। “जलवायुजन्य जोखिम दिनानुदिन बढिरहेको छ, श्रमिकहरूले काम गर्दा सुरक्षाको नयाँ उपायहरू अपनाउन आवश्यक छ,” उनले भने, “निर्माणाधीन नयाँ पूर्वाधारहरू जलवायुमैत्री हुन आवश्यक छ।”

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव प्रदीप कोइरालाले बढ्दो जलवायु परिवर्तनको जोखिमबाट अनुकूलित हुन श्रमिकको स्वास्थ्य र सुरक्षामा ख्याल गर्दै नीति तथा कार्यक्रम तय गर्नुपर्नेमा जोड दिए। “जलवायु अनुकूलनलाई प्राथमिकता दिँदै काम गर्ने उचित समय पनि हेरिनुपर्छ, दिउँसो बढी गर्मी भएमा बिहानको समयमा श्रमिकलाई काममा लगाउन सकिन्छ,” उनले भने, “जलवायुजन्य जोखिमले श्रम क्षेत्रमा देखा पारेको असर न्यूनीकरणमा सबैले समन्वय गर्नु आवश्यक छ।”

नेपाल ट्रेड युनियन काङ्ग्रेसका अध्यक्ष योगेन्द्रकुमार कुँवरले जलवायु परिवर्तनको मुख्य असर महिला श्रमिकलाई परेको भन्दै असर न्यूनीकरणसम्बन्धी नीतिको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिए।

वातावरण अभियन्ता सिलसिला आचार्यले जलवायुजन्य असरले श्रम समस्या निम्त्याइरहेको भन्दै समाधानका लागि राज्यले लगानी बढाउनुपर्नेमा जोड दिइन्। “बाढीपहिरोजस्ता प्राकृतिक विपद्बाट सबैभन्दा बढी महिलालाई असर गरिरहेको छ, विपद्मा सबैभन्दा बढी विपन्न र त्यसमा पनि महिला श्रमिक पीडित छन्,” उनले भनिन्, “यस्ता विपद्मा मजदूरी गर्ने श्रमिकले रोजगार नपाउँदा दैनिक गुजारा गर्न सकस हुन्छ।”

# भ्रष्टाचार निवारण ऐनको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने

काठमाडौं, १४ पुस/रासस

प्रतिनिधिसभाका सांसदहरूले ‘भ्रष्टाचार निवारण ऐन, २०५९’ को प्रभावकारी कार्यान्वयनमा जोड दिएका छन्। ट्रान्सपरेन्सी इन्टरनेशन (टिआई) नेपालले आइतवार आयोजना गरेको ‘महिलाका सामाजिक तथा आर्थिक अधिकारमा भ्रष्टाचारको नकारात्मक प्रभाव’ विषयक अन्तर्क्रियामा सांसदहरूले भ्रष्टाचारको सम्बन्धमा सर्वसाधारणको सुख, शान्ति र आर्थिक हितका लागि ऐनको प्रभावकारी कार्यान्वयन जरुरी रहेको बताए।

सांसद रोशना कार्कीले सबै क्षेत्रबाट भ्रष्टाचार हटाउन ऐनको कार्यान्वयनमा सबै लाग्नुपर्ने बताइन्। अहिलेको निर्वाचन प्रणाली अत्यन्त महँगो भएकोले पनि भ्रष्टाचारलाई प्रशय पुगेको हो कि भन्ने उनको धारणा थियो।

सांसद लक्ष्मी तिवारीले मुलुकमा व्यवस्था परिवर्तन भएपनि सामाजिक सोचमा खासै परिवर्तन नभएको उल्लेख गर्दै तुलनात्मकरूपमा महिलाले अवसर र जिम्मेवारी पाएमा भ्रष्टाचार न्यूनीकरणमा सहयोग पुग्ने बताइन्।

सांसद शान्ति श्रेष्ठले महिलालाई हरेक क्षेत्रको नेतृत्वमा सुनिश्चित सहभागिता गराइ सुशासन स्थापित गराउन राज्यले विशेष नीति अवलम्बन गर्नुपर्ने बताइन्। भ्रष्टाचारका कारणले विभिन्न वर्गका महिलालाई पर्ने असर कम गराइ समग्र महिलाको आर्थिक र सामाजिक अधिकार सुनिश्चित गरिनुपर्नेमा उनको जोड थियो।

राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमला पराजुलीले संसद्मा दर्ता भएको भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक २०७६ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन), २०७६ लाई प्रभावकारी बनाउने गरी शीघ्र पारित गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने धारणा राखिन्।

अधिवक्ता अजिता अर्यालले राजस्व चुहावट तथा निवारण ऐन २०५२, विशेष अदालत ऐन २०५९, सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ र निजामती सेवा ऐन २०७४ लगायत भ्रष्टाचारसँग सम्बन्धित सबै ऐन/कानूनको प्रभावकारी कार्यान्वयन र समयसापेक्ष आवश्यक सुधार गर्नेतर्फ थप छलफल चलाउनुपर्ने आवश्यकता औंल्याइन्।

# नेप्से परिसूचक २१ अङ्कले घट्यो

काठमाडौं, १४ पुस/रासस

यो साता कारोबारको पहिलो दिन आइतवार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक २१ दशमलव १२ अङ्कले घटेर दुई हजार ६०९ दशमलव ५८ बिन्दुमा कायम भएको छ।

आज ३१६ कम्पनीका एक करोड १० लाख ९९ हजार २३९ कित्ता शेयर ६६ हजार ७७४ पटक खरीद–बिक्री हुँदा रु पाँच अर्ब ४७ करोड ४८ लाख ६८ हजार ७६४ बराबरको कारोबार भएको हो।

लघुवित्त एक दशमलव १२, म्युचुअल फन्ड शून्य दशमलव १८ र अन्य समूह शून्य दशमलव २९ प्रतिशतल बढेका छन् भने अरू सबै समूहका उपसूचक घटेका छन्। वित्त समूह सबैभन्दा धेरै चार दशमलव ४७ र विकास बैंक समूह दुई दशमलव ६५ प्रतिशतले घटेका छन्। बैंकिङ शून्य दशमलव ८७, होटल तथा पर्यटन शून्य दशमलव ६१, जलविद्युत् एक दशमलव ७३, लगानी शून्य दशमलव ६६, जीवन बीमा शून्य दशमलव २९, उत्पादन तथा प्रशोधन शून्य दशमलव ८१, निर्जीवन बीमा शून्य दशमलव १२ र व्यापार समूह एक दशमलव ०३ प्रतिशतले घटेका छन्।

आज पाँचवटा कम्पनीका शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ। सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड, नारायणी डेभलपमेन्ट बैंक लिमिटेड, सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड, जानकी फाइनान्स कम्पनी लिमिटेड र सिन्धु विकास बैंक लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको हो। महिला लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा भने सकारात्मक सर्किट लागेको छ।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै प्रभु बैंक लिमिटेडको रु २६ करोड १० लाख ८२ हजार ६६४ बराबरको १० लाख ६५ हजार ६५५ कित्ता शेयर किनबेच भएका छन्।



**अदुवा प्रशोधन गर्नका लागि तयारी थाल्दै:** भेरीगङ्गा नगरपालिका–५ स्थित द अर्गानिक भ्याली प्रालिले अदुवा प्रशोधन गर्नका लागि तयारी थाल्दै। कम्पनीका अनुसार वार्षिक औसत एक हजार पाँच सय टनभन्दा बढी अदुवा प्रशोधन गरी रु १० करोडको हाराहारीमा प्रशोधित अदुवा युरोप निर्यात हुँदै आएको छ। तस्बिरः हेमन्त केसी/रासस



**महोत्सवमा भानुको सालिकः** तनहुँको भानु नगरपालिका–१ मा जारी प्रथम भानु महोत्सवमा राखिएको भानुभक्त आचार्यको सालिक। भानु नगर उद्योग वाणिज्य सङ्घको आयोजनामा पुस ९ देखि महोत्सव आयोजना गरिएको हो। तस्बिरः कृष्ण न्यौपाने/रासस

# जल, जमीन र आकाश लक्षित महोत्सवले गुलजार पोखरा

जमुना शर्मा

पोखरा, १४ पुस/रासस

अङ्ग्रेजी नयाँ वर्षको आगमनसँगै पोखरा गुलजार बनेको छ। जल, जमीन र आकाश लक्षित महोत्सवले स्वदेशी र विदेशी पर्यटक आकर्षित मात्रै गरेको छैन, यहाँको पर्यटकीय गतिविधि चलायनमान बनाएको छ।

हाल यहाँ २६औं संस्करणको सडक महोत्सव, अन्तर्राष्ट्रिय बेलुन महोत्सव र दोस्रो अन्तर्राष्ट्रिय ड्रागन बोट रेस चलिरहेका छन्। क्रिसमस सकिएर नयाँ वर्षको रौनक शुरू भइसकेको पर्यटन राजधानी पोखरामा महोत्सवले थप गतिविधि बढाएको छ। महोत्सवले पोखरालाई पर्यटकीय गन्तव्यका रूपमा विश्वसामु चिनाउन थप भूमिका खेल्ने विश्वास गरिएको छ।

रेस्टुरेन्ट एन्ड बार एशोसिएशन (रेवान) पोखराले सन् १९९८ मा शुरू गरेको पोखरा सडक महोत्सव अहिले पोखराको ब्रान्ड नै बनेको छ “सडकमैं खाऔं, सडकमैं नाचौं, सडकमैं रमाऔं” नारालाई जीवन्त बनाउँदै महोत्सवले हजारौं पर्यटकलाई आकर्षित गरेको छ। लेकसाइडको तीन किलोमिटर क्षेत्र साङ्गीतिक कार्यक्रम, मौलिक झाँकी, भेषभूषा प्रदर्शनी र अन्तर्राष्ट्रिय खानाको प्रदर्शनीले भरिएका छन्।

महोत्सवले आन्तरिक र बाह्य पर्यटकलाई पोखराको सांस्कृतिक र प्राकृतिक सौन्दर्यसँग परिचित गराउनुका साथै स्थानीय उत्पादनको प्रवर्द्धनमा सहयोग पुऱ्याएको रेवान पोखराका अध्यक्ष विश्वराज पौडेलले बताए। उनका अनुसार यो महोत्सव नेपाली पर्यटनलाई अन्तर्राष्ट्रिय मानचित्रमा स्थापित गर्ने महत्त्वपूर्ण माध्यम हो। महोत्सवमा कृषि उत्पादन, हस्तकला र वनस्पतिको प्रदर्शनी विशेष आकर्षण बनेको छ।

स्थानीय किसान, व्यवसायी र कलाकारले आआफ्नो उत्पादन प्रदर्शन गर्दै नयाँ बजारको पहुँच पाएका छन्। विभिन्न जातजातिका परम्परा, साङ्गीतिक झाँकी र कला प्रदर्शनी प्रस्तुत गरेर सांस्कृतिक विविधतालाई उजागर गर्दै आएको महोत्सवले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन महत्त्वपूर्ण भूमिका खेलेको संयोजक विकास भट्टराईको भनाइ छ।

पहिलोपटक आयोजना गरिएको अन्तर्राष्ट्रिय बेलुन महोत्सवले पोखराको पर्यटकीय महत्त्वलाई अझै उचाइमा पुऱ्याएको छ। फेवातालको सिरानमा शुरू भइरहेको यो महोत्सवमा नेपालसहित १५ देशका पाइलटले सहभागिता जनाएका छन्। रङ्गीन र विभिन्न आकार र डिजाइनका १७ वटा भव्य बेलुन आकाशमा उडिरहँदा आकाश शृङ्गारिएको छ भने तालमा देखिने सुन्दर दृश्य अवर्णित छन्।

पर्यटकले आकाशबाट हिमालय शृङ्खला, हरियाली र फेवातालको सौन्दर्यको अनुभव गर्दै पोखरालाई नयाँ दृष्टिकोणबाट नियाल्न सकेको पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी बताउँछन्। “यो महोत्सवले पर्यटकको बसाइ लम्ब्याउने मात्र नभई अन्तर्राष्ट्रिय मीडियामा समेत ध्यानाकर्षण गरेको छ,” पहारीले भने, “यो महोत्सवले पोखरालाई साहसिक र मनोरञ्जनात्मक गतिविधिको आकर्षक गन्तव्यका रूपमा स्थापित गरेको छ।” बेलुन महोत्सव, ड्रागन बोट रेस र सडक महोत्सवले पोखराको पर्यटकीय महत्त्वलाई नयाँ उचाइमा पुऱ्याउँदै पर्यटनमा नयाँ आयाम थपेको उनको भनाइ छ।

बेलुन नेपाल प्रालिका अध्यक्ष विक्रम बाडेका अनुसार बेलुन महोत्सवले मनोरञ्जन मात्र होइन, साहसिक पर्यटनको नयाँ ढोका खोल्दै पोखरालाई अन्तर्राष्ट्रिय पर्यटनको केन्द्रबिन्दु बनाउने प्रयास गरिरहेको छ।

आजदेखि फेवातालमा शुरू भएको दोस्रो अन्तर्राष्ट्रिय ड्रागन बोट रेसले पोखरामा पर्यटनमा रौनकता थपेको छ। नेपाल, चीन र सिङ्गापुरका २० टोलीबीचको यो प्रतिस्पर्धाले खेलकूद र पर्यटनलाई जोड्ने कार्य गरिरहेको छ।

बेलुन नेपाल प्रालिका बिबी ढकालले नेपालको हट एयर बेलुनले अन्तर्राष्ट्रियस्तरसम्म चर्चा पाएको उल्लेख गरे। “महोत्सवबारे अन्तर्राष्ट्रिय अखबारले पहिलो पृष्ठमैं तस्बिर प्रकाशित गरेका छन्, यसबाट नेपालको पर्यटन प्रवर्द्धनमा यसले ठूलो सहयोग पुगेको हाम्रो विश्वास छ।”

पोखरा महानगरपालिका, गण्डकी प्रदेश सरकार, नेपाल पर्यटन बोर्ड र नेपालस्थित चिनियाँ दूतावासको सहकार्यमा आयोजित महोत्सवले फेवाताललाई अन्तर्राष्ट्रिय खेलकूद गन्तव्यका रूपमा चिनाउने विश्वास लिइएको छ।

पोखरा महानगरका प्रमुख धनराज आचार्यले महोत्सवले साहसिक गतिविधिमा पोखराको भूमिका विस्तार गर्न यस महोत्सवले सघाउने विश्वास व्यक्त गरे। “ड्रागन बोट रेसको रोमाञ्चकता, बेलुन महोत्सवको साहसिकता र सडक महोत्सवको सांस्कृतिक झल्कोले पोखरालाई त्रिकोणीय महोत्सवको उत्कृष्ट उदाहरण बनाएको छ।”

त्रिकोणीय महोत्सवले पोखराको सांस्कृतिक सम्पदा, प्राकृतिक सौन्दर्य, स्थानीय उत्पादनलाई उजागर गर्दै अर्थतन्त्र र पर्यटनमा दीर्घकालीन योगदान पुऱ्याउन सफल हुने उनको विश्वास छ। पर्यटकीय राजधानी पोखरामा अहिले भइरहेका महोत्सवले साहसिक पर्यटनको सम्भावना र नेपाली पर्यटनको उज्ज्वल भविष्यप्रति सकारात्मक सङ्केत गरेको र दीर्घकालीन पर्यटनमा पनि प्रभाव पार्ने उनको बुझाइ छ।

प्रदेशसभा सदस्यसमेत रहेकी पर्यटन व्यवसायी देवकी पहारीले त्रिकोणीय महोत्सव सडक महोत्सव, बेलुन महोत्सव र ड्रागन बोट रेस पोखराको पर्यटनलाई नयाँ ऊर्जा र पहिचान प्रदान गर्ने महत्त्वपूर्ण माध्यम बनेको बताइन्।

“यी गतिविधिले केवल पोखराको सांस्कृतिक र प्राकृतिक सम्पदाको उजागर मात्र नगरी स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउँदै अन्तर्राष्ट्रियस्तरमा परिचित गराउन सफल भएको छ,” उनले भनिन्, “पोखराको फेवाताल, हिमालय र सांस्कृतिक विविधताले भरिएको यो अनुभवले साहसिक खेलकूद, साङ्गीतिक उत्सव र मौलिक उत्पादनको प्रदर्शनले पोखरालाई नयाँ उचाइमा पुऱ्याएको छ।”

यी महोत्सवले नेपाली पर्यटनमा थप आयाम थप्ने विश्वासका साथ पोखरा अब सांस्कृतिक, साहसिक र मनोरञ्जनात्मक पर्यटनका लागि विश्वका शीर्ष गन्तव्यमध्ये एक बन्ने दिशामा अग्रसर देखिएको उनको भनाइ छ।



**ड्रागन बोट रेस फेस्टिभलमा सहभागी खेलाडीः** पोखराको फेवातालमा आइतवारदेखि शुरू भएको दोस्रो संस्करणको ‘नेपाल–चीन मैत्रीपूर्ण ड्रागन बोट रेस फेस्टिभल’मा सहभागी खेलाडी। प्रतियोगितामा चीनका आठ, सिङ्गापुरका एक र नेपालका ११ वटा टोलीको सहभागिता छ। तस्बिरः राधिका कँडेल/रासस

# इतिहास अध्ययनको शैली र प्रवृत्ति

विचार



यामबहादुर थापामगर

**समाज विज्ञानका हरेक पक्षका सामग्रीहरू जस्तै वातावरण, राजनीतिक, सामाजिक, भूगोल, गणित, विज्ञान, इतिहास, अर्थशास्त्र, व्यवस्थापन, साहित्य, भाषा, पत्रकारिता, कला, स्वास्थ्यलगायत पूर्वाधार विकासका लागि फराकिलो सोचका साथ गाउँ समाजमा नै बस्ने आधार निर्माण गर्न बहस र पैरवी चलाउन आवश्यक छ।**

मानव प्राणीजगत्मा पशुभन्दा अलग हो र पृथक हुन्छ। तर मानव विकासमा आधारभूत गाँस, बास र कपासका साथै आय, आर्थिक वृद्धि, आर्थिक विकासका साथै औसत आयुलाई जीवनशैली मापन अनुसार दीर्घजीवन हुनेगरी सापेक्षरूपमा बढाउन चाहेको हुन्छ । विकासको परिभाषा अहिले बहुआयामिक अर्थमा परिभाषित हुन थालेको छ । मानिस निरन्तर खोज अनुसन्धानमा लागिरहने प्राणी भएकोले खोजको क्षेत्र अनुकरणीय रहेको छ । सुख र आनन्द प्राप्तिको खोजीमा लागिरहने मानव कुनै खोज र विकास विनाश तथा सर्वनाशको प्रबल जोखिममा विश्वलाई मानवले नै विकासका नाममा निर्माण गरेको अणुबम, एटमबमको तीव्र विकासले पृथ्वीलाई दर्जनौंपटक क्षति गर्न सक्ने प्रविधि सञ्चित गरेर राखेको छ । सकारात्मक सोच र शैलीको विकासका लागि अभियान चलाउँदै गर्दा समेत स्वचालितरूपमा नकारात्मक सोच र शैलीको दबदबा मानवजीवनमा निरन्तर आइरहेको छ ।

मानव जातिमा घटेका घटनाहरूको वैज्ञानिक कथन नै इतिहास हो। मानव वर्तमानमा रहन्छ र उसले भविष्यका लागि योजना तर्जुमा गरी अँध्यारोबाट उज्यालोतिर लम्कनका लागि प्रयत्न रहनेगरी क्रियाशील रहन खोजेको मानवले जानेर वा नजानेर इतिहास निर्माण गरिरहेको हुन्छ। बोधगम्य र अबोध घटनाहरू शृङ्खलामा नरहेका भएपनि मानिसका लागि इतिहास रहेको हुन्छ । इतिहासले संसारमा भएका घटनाहरू जान्न सहयोग गर्छ। इतिहास सामूहिक अनुभवहरूको स्रोत हो । कतिपयले इतिहास एक प्रकारको जीतको परिणाम आउने प्रयोगशाला पनि भन्ने गर्छन् । हारका परिघटनाहरूको समेत थोरै मात्रामा लेखन र अभिलेखीकरण तरीकाले व्यवस्थापन गरिएको हुन्छ । इतिहासले मानिसलाई समाजहरू बुझ्न सहयोग गर्छ ।

इतिहास हरेक मानवका लागि प्रेरणाको स्रोत हुन सक्छ । संसारमा भएका विभिन्न प्रकारका वैज्ञानिक तवरले प्रमाणित संस्कृतिहरू चिन्ने र बुझ्ने हुँदा यसबाट दैनिक जीवनमा अवलम्बन गर्ने आधारहरू प्राप्त हुन्छन्। इतिहास दोहोरिन्छ भन्ने मान्यता बमोजिम बुद्धिमानीपूर्वक अवसर र मौकालाई छनोट गर्न अनुमति दिई प्रगतिशील अग्रगामी निर्णय गर्न सहयोग गर्छ। यसले विभिन्न कालखण्डमा भएका परिवर्तन बुझ्न सघाउँदै नवीन परिवेशको वातावरण अनुकूल हुनेगरी समयानुकूल गराउँछ। विगतमा समाजभित्र भएका हत्या, आतङ्क, चोरी, डकैती, पाशविक घटनाहरूलाई तिलाञ्जलि दिंदै नैतिक जिम्मेवारी अभिवृद्धि गरी सभ्य समाज निर्माण गर्नमा सहयोग गर्छ।

शिक्षित समाजमा कि अशिक्षित समाजमा जीवनयापन गरेको छ भन्नेबारेमा निर्धारण र छनक प्रदान गरी असल र खराबको पहिचान बनाउन पनि इतिहासको अध्ययनबाट थाहा हुन्छ। मानिसको व्यक्तित्व विकासका लागि बहुआयामिक क्षेत्रमा पहुँच बढाउन लागि क्षमता विकास गर्ने आधारहरू प्रशस्त मात्रामा इतिहासले जगको रूपमा आधार प्रदान गर्छ । इतिहास ज्ञान, विज्ञान, साहित्य, शिल्प र शास्त्रहरूको समग्र जग हो । इतिहासले कहिल्यै नदेखेको, नसुनेको, नछामेको र नछोएको कुराको बारेमा सोच्न सहज र सजिलो बनाइ आत्मविश्वासका साथ विश्व बजारमा प्रतिस्पर्धा गर्न लायक क्षमता प्रदान गर्छ। मानवमा कल्पनाशीलताको विकास र त्यसलाई सञ्चार गर्न सक्ने सीप तथा प्रविधिको विकासमा टेवा दिएको हुन्छ।

शिक्षाविनाको मानव अहिले कल्पनासमेत गर्न सकिंदैन। ज्ञानविनाको मानिस पशुसरह हुन्छ । विश्वव्यापीकरणको बढ्दो प्रभाव र प्रयोगले थोरै प्रयोगमा आउने भाषा, जातजातिलगायतका पहिचानको अस्तित्वमा दिन प्रतिदिन ह्रास आएको छ । स्वचालित प्रणालीको विकासले मानवलाई ई–बूक, ई–लाइब्रेरी, डिजिटल विकासले मानवमा विगतका अभ्यासलाई परिष्कार गर्नमा दबाब दिएको छ। कृत्रिम बौद्धिकताको विकास, च्याट जिपिटी, मेटाफर्सलगायतको तीव्र विकासले मानव असामाजिकतातर्फ उन्मुख भएको त होइन भन्ने आभास पनि हुने गरेको छ। ज्ञान लिनका लागि निरन्तररूपमा अरूभन्दा प्रतिस्पर्धामा अगाडि उभिनका लागि स्वचालितरूपमा लागेको पाउन सकिन्छ। मानव जाति आफूसँग भएको वस्तुमा सन्तोष मानेर वा थकाइ मारेर बिल्कुल बस्न जानेको छैन । त्यसैले मानिसमा वैज्ञानिक अनुसन्धानको लागि, अतृप्त ज्ञानको लागि अध्ययन गर्ने शैलीमा गूगल सर्च हाबी हुँदै गएको पाउन सकिन्छ। शिक्षाको सिकाइ जीवनपर्यन्तरूपमा सिकिरहने वातावरण निर्माण गरी सोहीबमोजिम आधुनिक र समयानुकूल शैली खोजी र अनुसन्धानमा लाग्नका लागि महत्त्वपूर्ण रहेको छ ।

आमसञ्चारमा सूचना र प्रविधिको विकासले छपक्क छोपेको समयमा अध्ययनशैलीलाई सकारात्मक सोचले ओतप्रोत बनाइ समाज परिवर्तनका लागि आधारस्तम्भका रूपमा अगाडि बढाउन जरुरी छ । सूचना प्रवाहको बाढीले अनावश्यक योजनाविहीन सूचना र जानकारीले ग्रस्त हुँदा भविष्यमा काम लाग्नेभन्दा सूचनाको फोहोर निर्माण भई त्यसको खाडलमा युवा जमात पर्न गएको छ । नकारात्मक प्रभाव र दबाब पार्ने शैलीमा भाइरल प्रवृत्तिका कारण गुणात्मक र ज्ञानबर्द्धक शिक्षाप्रद क्षेत्र ओझेलमा परेका हुन् कि भनेर समयसमयमा छलफल र अन्तर्क्रियाहरू पनि हुने गरेका छन् । यसलाई विद्वत् वर्गमा मात्र सीमित नराखी बस्तीबस्ती र जनजनको मस्तिष्कमा आभास दिलाउन जरुरी छ ।

संसारसहित ब्रह्माण्डको छिटो र सरल तरीकाले जानकारी लिन मानिसलाई छिटो अवसर प्राप्त भएको छ । विश्वको बारेमा अध्ययन गर्न मानिसका लागि सानो हुन गएको छ । हिजोका दिनमा पाठशाला, कचहरी, धर्मशाला, विद्यालय, विश्वविद्यालयमा हुने शिक्षणका विधिमा समेत आजभोलि समाज कृत्रिम बौद्धिकताको प्रभाव र मेटाफर्स विधिको उपयोग गर्नमा खोज, अनुसन्धान र विकास विस्तारमा अहोरात्र लागेको छ ।

शिलालेख, मूर्ति निर्माण, पर्चा, पोस्टर, भित्तेपात्रो, आमसभा, हडताल, जुलूस, ब्यानर, भित्तेलेखन, घुमन्ते गायकका माध्यमबाट समाजमा सूचना आदानप्रदान हुने गर्थ्यो तर आज सामाजिक सञ्जालविनाको प्रचारप्रसार र शिक्षाको प्रभावलाई सजिलो बनाइ कम्प्युटर, ल्यापटप, मोबाइल, ट्याब्लेटलगायतका सामग्रीबाट सहजरूपमा हासिल गर्न सकिन्छ। अहिले मानिसको रोजगार खोस्ने र सिर्जनात्मक कार्यशैलीमा ह्रास हुनेगरी कृत्रिम बौद्धिकताको बढ्दो प्रयोगले सिकाइलाई सर्वसुलभ बनाए पनि मानिसको दैनिक व्यवहारमा हुनुपर्ने क्रियाशीलतामा न्यूनीकरण भई नसर्ने रोगहरूको प्रभावमा मानिसहरू पर्ने गरेका छन् ।

स्मरणशक्तिमा अनावश्यक सूचनाले तनावमा परी मानिस डिप्रेशनको शिकार हुने गरेको छ। उच्च मनोकाङ्क्षा बढेर जाँदा जीवनमा सङ्घर्ष र कठोरताको सामना गर्नुपर्छ भन्ने ज्ञानको भौतिकरूपमा मानव समाजको विकास गर्नबाट विमुख भएकाले आत्महत्याको दुरुत्साहनको सङ्ख्या दैनिकरूपमा बढेको देखिन्छ । आत्महत्याको बढ्दो प्रवृत्तिलाई न्यूनीकरण गर्न सूचना प्रविधिको विकासको सकारात्मक पक्षलाई जनजनमा अनुभूत गराउने अभियानको खाँचो छ। सूचना शक्ति हो। सूचनाविना विश्वको ज्ञान अध्ययन गर्ने अर्को माध्यम छैन । तर साइबर अपराधको बढ्दो विकासले स्वच्छ वातावरणयुक्त मस्तिष्कलाई तनावतर्फ दोहोर्‍याउने विकृत सामग्रीहरू प्रविधिका माध्यमबाट सर्वसुलभ हातहातमा उपलब्ध भएका छन्। यसले भोलिका कर्णधार बालबालिकादेखि र ऊर्जावान् युवाका लागि विष पिए सरहको नोक्सानी गरेको छ। तसर्थ ज्ञानहरूलाई वैज्ञानिक तरीकाले सङ्ग्रह गरी भावी पुस्तालाई कुलत, कुरीति, कुचलन, कुसंस्कारबाट विमुख गराइ समुन्नत र समृद्धितर्फ निरन्तर डोर्‍याउनुपर्ने अवस्था आएको छ।

संसार सूचना र प्रविधिको विकासले ज्ञानमा आधारित समाज विश्वव्यापीकरण बनेको छ । सूचना प्रविधिमैत्री वातावरण निर्माण गरी सहज र सङ्ग्रह गरी भावी पुस्ताका लागि सुमार्गमा डोर्‍याउनेतर्फ प्रयास हुनुपर्छ । समाज विज्ञानका हरेक पक्षका सामग्रीहरू जस्तै वातावरण, राजनीतिक, सामाजिक, भूगोल, गणित, विज्ञान, इतिहास, अर्थशास्त्र, व्यवस्थापन, साहित्य, भाषा, पत्रकारिता, कला, स्वास्थ्यलगायत पूर्वाधार विकासका लागि फराकिलो सोचका साथ गाउँ समाजमा नै बस्ने आधार निर्माण गर्न बहस र पैरवी चलाउन आवश्यक छ । हरेक मानिसले जीवनपर्यन्त सिकाइको शैली अनुसरण गर्ने संस्कार सूक्ष्मरूपमा भएपनि सुरुआत गर्न जरुरी छ। रासस

# उत्पादन नहुँदा हेटौंडा सिमेन्टमा आर्थिक सङ्कट

बाग्मती, १४ पुस/रासस

उपकरण बिग्रिएर थन्किएपछि उत्पादन बन्द भएको हेटौंडा सिमेन्ट उद्योग आर्थिक सङ्कटमा परेको छ। गत असोज १५ गतेदेखि उत्पादन बन्द हुँदा आर्थिक समस्या बढेको हो।

उत्पादन ठप्प भएपनि प्रशासनिक खर्च, कर्मचारीको तलबभत्ता, इन्धन खर्च बढिरहेको उद्योगको उच्च व्यवस्थापनले स्वीकार गरेको छ । आर्थिक सङ्कटका कारण लामो समयदेखि बन्द रहेको उद्योगबाट उपकरण मर्मत हुने बित्तिकै उत्पादन थाल्ने गरी तयारी भइरहेको उद्योग व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र भण्डारीले बताए ।

उपकरण मर्मत गर्न भारतबाट प्राविधक ल्याउनुपर्ने भएकाले मर्मतमा समय लागेको हो । उद्योगसँग कच्चा पदार्थ पर्याप्त छ । “हामीसँग कच्चा पदार्थको अभाव छैन,” अध्यक्ष भण्डारीले भने, “उद्योगलाई चाहिने चार सय मेट्रिक टन कोइला मौज्दात छ,” उनले भने ।

आर्थिक अभावका कारण यस अघि पनि दुई महीना उद्योग बन्द भएको थियो। गत भदौको तेस्रो सातादेखि उत्पादन शुरू गरेको उद्योगले त्यस अवधिमा ६५ हजार बोरा सिमेन्ट उत्पादन गरेको थियो ।



**सतिघाटमा फेरीबाट सवारी तथा ढुवानी साधन तार्दै:** भोजपुर–सङ्खुवासभा दुई जिल्लालाई जोड्ने अरुण नदीको सतिघाटमा फेरीको माध्यमबाट सवारीसाधन तथा ढुवानी साधन तारिँदै । यहाँ पुल नहुँदा वैकल्पिक उपायको रूपमा फेरीको सहायताले यसरी नदी पार गर्नुपर्ने अवस्था छ । तस्बिरः युवराज विष्ट/रासस

## फरक समाचार

# साँचो प्रेममा परेकी महिलाले के गर्छिन्

प्रेम एउटा अनुपम अनुभूति हो, जसलाई शब्दमा व्यक्त गर्न निकै गाह्रो हुन्छ। जब कुनै व्यक्तिले कसैलाई माया गर्छ, उसले भावनात्मकरूपमा जोडिएको



महसूस गर्छ। यो रोमान्टिक सम्बन्धमा मात्र सीमित हुँदैन, परिवार, मित्रता र समाजप्रति पनि हुन्छ । जब हामी कसैलाई माया गर्छौं, हामी उसको सुख, सफलता र कल्याणको लागि काम गर्छौं र उसको दुःख र सुखमा साथ दिन्छौं। पुरुषको प्रेममा पागल हुँदा महिलामा के कस्ता परिवर्तन आउँछन्, त्यसबारे थाहा पाऔं ।

जब एउटी महिलाले पुरुषलाई माया गर्न थाल्छिन्, यो भावना स्वभावतः उसको सोच र व्यवहारमा झल्किन्छ। प्रेम एउटा भावना हो, जसले व्यक्तिलाई विशेष र जोडिएको महसूस गराउँछ। महिलाहरूले आफ्नो प्रेम धेरै तरीकाबाट व्यक्त गर्छन्, जसबाट उनीहरूको गहिरो भावनालाई झल्काउँछ।

प्रेममा पागल महिलाले आफ्नो मनपर्ने पुरुषसँग सकेसम्म धेरै समय बिताउने प्रयास गर्छन्। उनी चाहन्छिन् कि त्यो व्यक्ति उनको जीवनको हिस्सा बनोस् र हरेक साना–ठूला पलमा संलग्न होस्। कुराकानीबाट जोडिएको महसूस गर्छिन् र आफ्ना भावनाहरू साझा गर्न मन पराउँछिन्। चाहे त्यो सानो कुरा होस् वा ठूला कुरा।


महिलाहरू आफ्नो प्रेम देखाउन, प्रेमीप्रति हेरचाह र चिन्ता देखाउन मन पराउँछन् । उनले प्रेमीको खुशीको लागि सबै कार्य गर्छिन् । आमाले जस्तै छोराछोरीको स्वास्थ्यको पूर्ण ख्याल राखेजस्तै महिलाले प्रेमीको ख्याल राख्ने गर्छन्। प्रेमीको लागि मनपर्ने खाना पकाउने, उसको थकान बुझ्ने वा आवश्यकता बुझ्ने जस्ता कामहरू गर्छिन्।

प्रेममा परेको महिलाले बाह्य उपस्थितिमा मात्र ध्यान दिंदैन, बरु गहिरो भावनात्मक सम्बन्धलाई प्राथमिकता दिन्छ। आफ्ना भावनाहरू साझा गर्छिन् र व्यक्तिलाई पनि आफ्ना भावनाहरू व्यक्त गर्न प्रोत्साहित गर्छिन्। यो भावनात्मक सम्बन्धले उनीहरूलाई एकअर्काको नजीक ल्याउँछ। महिलाले पुरुषको समस्या बुझ्छन्, उसलाई हरेक परिस्थितिमा साथ दिन्छिन्।

प्रेममा परेकी महिलाले प्रेमीलाई विशेष महसूस गराउने प्रयास गर्छिन् । उसको प्रशंसा गर्छिन्, प्रेमीको शोख र मनपर्ने कुराहरूको ख्याल राख्छिन् र उसलाई खुशी राख्ने प्रयास गर्छिन्। उनको शरीरको भाषा, हेराइ र मुस्कानले त्यो व्यक्तिलाई कति माया गर्छ भन्ने प्रस्ट हुन्छ। महिलाको प्रेम साँचो र गहिरो छ भने आफ्नो सम्बन्धप्रति पूर्ण इमानदार हुन्छिन्।

# रक्तस्राव तुरुन्त रोक्ने स्पन्ज

सडक दुर्घटना वा अन्य दुर्घटनामा मृत्युको कारण अत्यधिक रक्तस्रावले हुन्छ। तर यसको प्राथमिक उपचार समयमा गरियो र रक्तस्राव रोक्न सकियो



भने मानिसको ज्यान बचाउन सकिन्छ । तर भारत, आइआइटी कानपुरमा एउटा स्पन्ज तयार गरिएको छ, जसले एक मिनेटभित्र रगत बग्नबाट रोक्छ ।

यो स्पन्ज आइआइटी कानपुरको भौतिक विज्ञान र इन्जिनीयरिङ विभागले समुद्री घाँसबाट तयार पारेको हो। यो प्रभावकारी छ। धेरै प्रयोगशालामा यसको परीक्षण पनि भइसकेको छ र यसको पेटेन्ट पनि प्राप्त भइसकेको छ। यो स्पन्ज समुद्रभित्र हुने रातो घाँसबाट तयार गरिएको हो। जसको नतीजा निकै सकारात्मक छ । यसलाई एउटा उत्कृष्ट रक्तस्राव रोकथाम प्राथमिक उपचारको रूपमा प्रयोग गर्न सकिन्छ ।

सडक दुर्घटना वा कुनै पनि दुर्घटनामा प्राथमिक उपचार सबैभन्दा महत्त्वपूर्ण हुन्छ। प्राथमिक उपचारमा यदि तपाईं रक्तस्राव रोक्न चाहनुहुन्छ भने यस घाँसले राम्रो काम गर्छ। किनभने चोटपटकका कारण रगत जम्न आठ मिनेट लाग्छ तर यस स्पन्जले मात्र एक मिनेटमा रगत बग्न रोक्छ र त्यहाँ क्लोटिङ गराउँछ। जसले गर्दा अत्यधिक रक्तस्राव हुँदैन। यो स्पन्ज तयार गर्ने आइआइटी कानपुरका अनुसन्धानकर्ता कौशलले भने हामीले बनाएको स्पन्जले कुनै पनि कुरा सुकाउँछ, त्यस कारण हामीलाई विचार आयो, यस्तो स्पन्ज तयार गर्ने जसले रगतलाई शान्त बनाउँछ र क्लोटिङमा मदत गर्छ । यसपछि हामीले धेरै अध्ययन र अनुसन्धान गरेर समुद्री घाँसबाट सेल्युलोज तयार गर्‍यौं, जुन बायोडिग्रेडेबल पदार्थ हो । यो धेरै प्रभावकारी साबित भयो । यसको परीक्षण पशुमाथि गर्‍यौं, जुन सफल भएको छ साथै प्रयोगशाला परीक्षणमा पनि नतीजा राम्रो आएको छ। अब यसको मानवीय परीक्षण चाँडै शुरू गर्ने तयारी भइरहेको उनले बताए।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# दक्षिण कोरियामा १८१ यात्री बोकेको विमान दुर्घटना, दुईजनाको जीबितै उद्धार

दक्षिण कोरिया, १४ पुस/योन्हाप

दक्षिण कोरियाको मुआनमा १८१ यात्री बोकेको विमान दुर्घटना भएको छ।



ल्यान्डिङ गियर नखुलेर दुर्घटनाग्रस्त हुँदा आगलागी भइरहेको जेजु एयरको विमान। तस्वीर: एएफपी

बैंककबाट फर्कंदै गरेको विमानमा चालक दलका छ सदस्यसहित १८१ जना सवार थिए।

जेजु एयरको विमान अवतरणका क्रममा धावनमार्गबाट चिप्लिएर भएको दुर्घटनामा दुईजनाबाहेक अन्य यात्री जीवित रहेको हुन सक्ने सम्भावना क्षीण देखिएको छ।

पर्खालमा ठोक्किएपछि विमानमा आगलागी भएको थियो।

अहिलेसम्म ९४ जनाको मृत्यु भएको पुष्टि भएको छ भने एक चालक दलका सदस्य र एक यात्रीलाई जीवितै उद्धार गरी स्थानीय अस्पतालमा उपचारका लागि पठाइएको छ।

सियोलबाट करीब २८८ किलोमिटर दक्षिणपश्चिममा रहेको दक्षिण जियोला प्रान्तको मुआन काउन्टीस्थित मुआन अन्तर्राष्ट्रिय विमानस्थलमा जेजु एयरको विमान अवतरणाका क्रममा धावनमार्गबाट चिप्लिएर पर्खालमा ठोक्किंदा दुर्घटना भएको हो। दुर्घटनाबाट उद्धार गरिएका दुईजनाबाहेक सबै यात्रुको मृत्यु भएको अनुमान गरिएको अग्निनियन्त्रक अधिकारीहरूले बताएका छन्।

अधिकारीहरूले दुर्घटनामा परी अहिलेसम्म ९४ जनाको मृत्यु भएको पुष्टि गरेका छन्।

"विमान भित्तामा ठोक्किएपछि यात्रीलाई विमानबाट बाहिर निकालिएको थियो। जीवित उद्धार भएका दुई यात्रीको पनि स्वास्थ्य अवस्था गम्भीर रहेको छ," अग्निनियन्त्रक निकायका एक अधिकारीले भने।

"विमान लगभग पूर्णरूपमा ध्वस्त भइसकेको छ र मृतकको पहिचान गर्न कठिन छ," ती अधिकारीले भने।

उनले भने, "अहिले हामी जलेका मृत शरीर निकाल्ने प्रक्रियामा छौं, यसका लागि केही समय लाग्नेछ।"

दुर्घटनालगत्तै एक यात्री र चालक दलका एक सदस्यलाई उद्धार गरी मोक्पोको एक अस्पतालमा उपचार भइरहेको छ।

विमानमा सवारमध्ये दुईजना थाई नागरिकबाहेक अधिकांश कोरियाली नागरिक थिए।

स्थानीय टिभी स्टेशनहरूले प्रसारण गरेको भिडिओमा विमानले आफ्नो ल्यान्डिङ गियरविना नै अवतरण कोशिश गरेको देखाइएको छ। विमान भुइँमा चिप्लिंदा कङ्क्रिटको पर्खालमा ठोक्किएर विस्फोट भएको र त्यसबाट एक्कासि आगोको ज्वाला निस्किएको थियो।

अधिकारीहरूका अनुसार चरासँग ठोक्किएका कारण ल्यान्डिङ गियर फेल भएर दुर्घटना भएको हुन सक्ने प्रारम्भिक अनुमान गरिएको छ। दुर्घटनाको कारणबारे थप विवरण पत्ता लगाउन स्थलगत अनुसन्धान शुरू भएको छ।

दक्षिण जिओलका अधिकारीहरूले उच्चस्तरमा आपत्कालीन निकायहरूलाई सक्रिय पारेका छन् र सबै उपलब्ध उद्धार र प्रहरी कर्मचारीहरूलाई दुर्घटनास्थलमा तैनाथ गरेका छन्।

कार्यवाहक राष्ट्रपति चोइ साङ–मोक मध्याह्नतिर दुर्घटनास्थलमा पुगी घटनास्थलको निरीक्षण गरेका थिए। उनले शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दै अधिकारीहरूलाई उद्धार कार्यका लागि हरसम्भव प्रयास गर्न निर्देशन दिएका छन्। रासस

# निलम्बित दक्षिण कोरियाली राष्ट्रपति अनुसन्धान प्रक्रियामा अनुपस्थित

सियोल, १४ पुस/एएफपी

दक्षिण कोरियाका निलम्बित राष्ट्रपति युन सुक योलले आइतवार सोधपूछका लागि उपस्थित हुन गरिएको आग्रहलाई पनि अस्वीकार गरेका छन्। यस अघि पनि उनले दुईपटकसम्म अनुसन्धानका लागि उपलब्ध हुन अस्वीकार गरेका थिए।

दक्षिण कोरियाली नेता युनविरुद्धको महाभियोग प्रस्तावबारे अनुसन्धान गरिरहेका अनुसन्धानकर्ताहरूले उनलाई स्थानीय समय अनुसार आइतवार बिहान १० बजे सोधपूछका लागि उपस्थित हुन पत्राचार गरेका थिए।

पूर्वअभियोजक युन गत बुधवारका लागि बोलाइएको सुनवाइमा पनि उपस्थित हुन अस्वीकार गरेका थिए।

गत डिसेम्बर १४ मा संसद्ले केही समयका लागि सैनिक कानून लागू गरिएको घोषणा गरेको थियो। यद्यपि उक्त कदमलाई व्यापक विरोधपछि केही घण्टामा नै फिर्ता लिइएको थियो।

उनको निर्णयले दक्षिण कोरियालाई दशकौंको सबैभन्दा खराब राजनीतिक सङ्कटमा धकेलेको थियो।

युनमाथि महाभियोग र विद्रोहको फौजदारी अभियोग लागेको छ। यो अभियोग पुष्टि भएमा उनले आजीवन कारावास वा मृत्युदण्डसमेत पाउने सम्भावना रहेको छ।

नेता युनको कदमले विश्वभरका प्रजातान्त्रिक दक्षिण कोरियाका सहयोगीहरूलाई स्तब्ध बनाएको छ।

"निलम्बित राष्ट्रपति युन सुक योल आज बिहान १० बजेका लागि बोलाइएको भ्रष्टाचार अनुसन्धान कार्यालय (सिआइओ)मा उपस्थित हुनुभएन," कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

"आगामी कदमबारे संयुक्त अनुसन्धान मुख्यालयले समीक्षा गर्नेछ र भविष्यका उपायहरूबारे निर्णय लिनेछ," विज्ञप्तिमा भनिएको छ।

आगामी दिनमा सिआइओले युनलाई चौथोपटक सुनवाइका लागि बोलाउने वा सोधपूछका लागि उपस्थित हुन बाध्य पार्न पक्राउ पुर्जी जारी गर्न अदालतलाई आग्रह गर्ने भन्ने निर्णय गर्ने अपेक्षा गरिएको छ।

उनीमाथि अभियोजनकर्ताका साथै प्रहरी, रक्षा मन्त्रालय र भ्रष्टाचारविरोधी अधिकारीहरूको संयुक्त टोलीले अनुसन्धान गरिरहेको छ भने संवैधानिक अदालतले संसद्ले पारित गरेको महाभियोग प्रस्तावमा छलफल गरिरहेको छ।

सिआइओले महाभियोगको छ महीनाभित्र फैसला सुनाउनुपर्नेछ र महाभियोग सदर गरेमा अदालतबाट फैसला भएको ६० दिनभित्र उपनिर्वाचन गरिसक्नुपर्नेछ।

पूर्वराष्ट्रपति पार्क ग्युन–हेलाई पनि यस्तै परिस्थितिमा महाभियोग लगाइएको थियो, तर संवैधानिक अदालतले उनलाई सत्ताबाट हटाएपछि मात्र उनीमाथि अनुसन्धान गरिएको थियो।

एएफपीलाई प्राप्त १० पृष्ठ लामो अभियोजकको रिपोर्टमा युन सुक योलले सैनिक शासन लागू गर्ने असफल प्रयासका क्रममा संसद्मा प्रवेश गर्न आवश्यक परेको खण्डमा सेनालाई हतियार प्रयोग गर्ने अधिकार दिएको उल्लेख छ। रासस

# तस्करी र भ्रष्टाचार नियन्त्रण श्रीलङ्काको प्राथमिकता

कोलम्बो, १४ पुस/एएफपी

श्रीलङ्काले तस्करी र भ्रष्टाचार नियन्त्रण प्रमुख प्राथमिकतामा राखेको छ।

राष्ट्रपति अनुरा कुमारा दिसानायकेले लागूऔषधको ओसारपसार, भ्रष्टाचार र अवैध आप्रवासन रोक्न एकीकृत अनुगमन महाशाखा स्थापना गर्न विमानस्थल तथा उड्डयन सेवा र श्रीलङ्का भन्सारका अधिकारीलाई निर्देशन दिएका छन्।

अनुगमन महाशाखाले अन्य निषेधित वस्तुको प्रवेश, विमानस्थल र भन्सारमा हुने अनियमितता र देशबाट अनधिकृतरूपमा बाहिरिने कार्य रोक्न पनि ध्यान केन्द्रित गरिने जनाएको छ।

अध्यागमन तथा आप्रवासन विभाग, श्रीलङ्का भन्सार र विमानस्थल तथा उड्डयन सेवाका प्रमुखसँग शनिवार भएको भेटमा राष्ट्रपति दिसानायकेले अधिकारीहरूलाई उक्त निर्देशन दिएका हुन्।

राष्ट्रपतिले तस्करी रोक्न व्यावहारिक र आधुनिक प्रक्रियाको आवश्यकतामा जोड दिंदै हालको 'स्क्यानिङ' उपकरणलाई उन्नत स्क्यानरले प्रतिस्थापन गर्न निर्देशन दिए। रासस



**जाडो छल्न आएको जलेवा:** दाङको घोराही उपमहानगरपालिका–१७ स्थित कर्जाही जलाशयमा जाडो छल्न आएका जलेवा चरा। दक्षिणपूर्वी युरोप तथा मध्य एशियाबाट हिउँ छल्न जलेवा पाहुना बनेर नेपाल आउने गर्छन्। तस्बिर: कुलदीप न्यौपाने/रासस

# सोवारिग्पा शिक्षालाई व्यवस्थित गर्न जोड

काठमाडौं, १४ पुस/रासस

शताब्दीऔंदेखि प्रचलनमा रहेको सोवारिग्पा उपचार पद्धतिसम्बन्धी उच्च शिक्षा अध्ययन गरिरहेका विद्यार्थीहरूलाई मान्यता दिनुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन्। हाल लुम्बिनी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी बौद्ध जोरपाटीमा स्थापना भएको सोवारिग्पा इन्टरनेशनल कलेजबाट उत्तीर्ण भएका विद्यार्थीहरूले मेडिकल काउन्सिलबाट प्रमाणपत्र पाउन नसक्दा थप अध्ययन वा सरकारी सेवामा प्रवेश गर्न समस्या भएको भन्दै उनीहरूलाई यसबाट वञ्चित गरिन नहुने उनीहरूको माग रहेको छ। हाल सो कलेजबाट नेपाललगायत भुटान, भारत, फिनल्यान्ड, कोस्टारिका, स्पेन र तिब्बतबाट आएका ३५ जना विद्यार्थीले साढे पाँच वर्षको कोर्ष पूरा गरी एक वर्ष इन्टर्न कोर्षसमेत गरिसकेका छन्।



आडरा नेपालद्वारा आइतवार आयोजित छलफल कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अतिरिक्त सचिव डा दीपेन्द्ररमण सिंहले परम्परागतरूपमा प्रचलनमा रहेको सोवारिग्पा उपचार पद्धतिको संरक्षण र विस्तारका लागि यससम्बन्धी उच्च शिक्षामा अध्ययनलाई व्यवस्थित गर्न मन्त्रालय सकारात्मक रहेको बताए। मन्त्रालयका नीति योजना तथा अनुगमन महाशाखा प्रमुख डा कृष्णप्रसाद पौडेलले स्वास्थ्य नीतिमा सोवारिग्पाको व्यवस्था गरिएकाले सम्बन्धित स्वास्थ्य संस्थाहरूमा दरबन्दीको व्यवस्था गर्न आवश्यक नीतिगत सुधार गर्नुपर्नेमा जोड दिए।

आयुर्वेद मेडिकल काउन्सिलका रजिष्टार डा निर्मल भुसालले भारतलगायत अन्य देशहरूमा सोवारिग्पालाई सरकारी मान्यता दिइएको सन्दर्भमा नेपालमा पनि यससम्बन्धी उच्च शिक्षा अध्ययन गरिरहेका विद्यार्थीलाई काउन्सिलमा दर्ता गराउन प्रक्रिया अगाडि बढाउन सकिने धारणा राखे। लुम्बिनी विश्वविद्यालयका पूर्व डीन उकेशराज भुजुले विश्वविद्यालयले विज्ञहरूको सुझाव अनुसार तयार गरिएको सोवारिग्पाको पाठ्यक्रमलाई विषयगत समिति, प्राज्ञसभाबाट पारित गरी कार्यान्वयनमा ल्याइएकाले यसलाई सरकारी मान्यता दिनबाट रोक्न नहुने बताए।

कार्यक्रममा आयुर्वेद तथा चिकित्सा विभागका महानिर्देशक डा श्यामबाबू यादवले सोवारिग्पा विभाग अन्तर्गत रहेकाले यसलाई मान्यता दिन सकिनेछ भने। आडरा नेपालका राष्ट्रिय प्रतिनिधि प्रवीण ढकालले हिमाली क्षेत्रमा सोवारिग्पा उपचार पद्धतिको अभ्यास गरिरहेका आम्चीहरूबाट जनतालाई सुलभ ढङ्गबाट स्वास्थ्य सेवा पुऱ्याउनुका साथै सामुदायिक विकासमा पनि महत्त्वपूर्ण योगदान रहेको बताउँदै सबै उपचार पद्धतिलाई राज्यले उत्तिकै प्राथमिकता दिनुपर्नेमा जोड दिए।

सोवारिग्पा इन्टरनेशनल कलेजका निर्देशक डा तेन्जिङ धार्के गुरुङले सातौं शताब्दीबाट थालनी भएको सोवारिग्पासम्बन्धी अभ्यासलाई भारत, चीनलगायत विश्विका थुप्रै देशमा औपचारिकरूपमा पठनपाठन भइरहेको सन्दर्भमा नेपालमा पनि केही वर्षदेखि शुरू भएकामा ती विद्यार्थीहरूको मेडिकल काउन्सिलबाट दर्ता नहुँदा समस्या भएकाले यसतर्फ सम्बन्धित निकायहरूको ध्यान जान जरुरी भएको बताए। हाल मुस्ताङको ल्हो घेकर दामोदरकुण्ड र गोरखाको चुमनुव्री गाउँपालिकाले स्थानीय राजपत्रमा प्रकाशित गरी सोवारिग्पालाई आधिकारिक मान्यता दिएका छन् भने अन्य पालिकाहरूले पनि प्रक्रिया अगाडि बढाएको सो अवसरमा जानकारी दिइयो।

## आजको राशिफल

| | |
|---|---|
| मेष – राज्यभय | वृष – वादविवाद |
| मिथुन – यात्रालाभ | कर्कट – शत्रुभय |
| सिंह – चोरभय | कन्या – उदरपीडा |
| तुला – विजय | वृश्चिक – धनक्षति |
| धनु – भाग्योदय | मकर – बेचैनी |
| कुम्भ – मनोरञ्जन | मीन – कर्मप्राप्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### नेपाल र ...

भारतीय सशस्त्र सीमा सुरक्षा बलको सेक्टर हेडक्वार्टर मुजफ्फरपुरका डिआइजी दीपक कुमारले दुवै सुरक्षा फौजले गर्दै आइरहेका संयुक्त गस्तीका क्षेत्रहरू बढाउँदै लैजानु उपयुक्त हुने तथा सीमा अपराध नियन्त्रण एवं दुवै क्षेत्रमा हुने सानोभन्दा सानो घटनाबारे एकापसमा जानकारी हुने अवस्थालाई अझै प्रभावकारी बनाइ अघि बढाउनुपर्नेमा जोड दिएका थिए।

कार्यक्रममा नेपालका तर्फबाट छिन्नमस्ता वाहिनीका सहायक वाहिनीपति सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक सूर्यबहादुर सेन, पर्सा, धनुषा र बाराका गणपतिलगायत अधिकृतहरूको सहभागिता थियो। यसैगरी, भारतको तर्फबाट सेक्टर हेडक्वार्टर पूर्णियाका डिआइजी राजेश टिङ्कू र सेक्टर हेडक्वार्टर बेतियाका डिआइजी एस सुब्रमन्यम, बटालियन कमान्डेन्टहरूको सहभागिता थियो। बैठक छिन्नमस्ता वाहिनी मुख्यालय महोत्तरीमा भएको थियो।





प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओलीलाई पर्सा जिल्लाको सखुवाप्रसौनीमा सयपत्री फूलको माला लगाउने होडबाजी चल्यो । जिल्ला कमिटीले ८० किलोको र मन्त्री राजकुमार गुप्ताले सय किलोको सयपत्री फूलको माला पहिर्‍याएका थिए । तस्वीरः नितेश कर्ण




# खेलकूदको संसार

## ज्ञानदा एकेडेमीको वार्षिक खेलकूद कार्यक्रम सम्पन्न

प्रस, वीरगंज, १४ पुस/

ज्ञानदा एकेडेमीको १०औं वार्षिक खेलकूद समारोह आइतवार सम्पन्न भएको छ ।

कार्यक्रममा मधेस प्रदेशसभा सदस्य रहबर अन्सारीले मानिस युगौंदेखि खेलाडी भएको बताए । उनले प्राचीनकालमा मानिसहरू खानाको खोजी गर्न, जङ्गलमा जान, जङ्गली जनावरहरूसँग लड्न, आफ्नो रक्षा र बच्चाहरूको रक्षा गर्न गर्ने क्रियाकपाल पनि खेलकूद नै भएको बताए । उनले आज खेल दुई रूपमा रहेको बताए । उनले एउटा मनोरञ्जनात्मक र अर्को एथलेटिक भएको बताए । उनले खेलकूदलाई जीवनको अभिन्न अङ्ग बनाउन जोड दिए ।




ज्ञानदा एकेडेमीका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रप्रसाद कोइरालाले जीवनको लागि आवश्यक पर्ने शिक्षा कक्षा कोठाभित्रबाट मात्र सम्भव नहुने भएकोले खेलकूदको माध्यमद्वारा विद्यार्थीहरूको चौतर्फी विकास हुने बताए । उनले छात्रछात्राहरूलाई आत्मरक्षाको निम्ति खेलकूदले टेवा दिने बताए ।

कार्यक्रममा त्रिजुद्ध माविका प्रधानाध्यापक नवीन मिश्र र माईस्थान विद्यापीठका प्रअ मुनिलाल कर्णलगायतले मन्तव्य राखेका थिए ।

वार्षिक खेलकूद कार्यक्रममा लङ जम्प, डिस्कस थ्रो, हुला हुप्स, ब्यालेन्सिङ गेम, रिप्लेस द बल, बीन बैग ब्यालेन्स, हुप्स रिले, पासिङ द पार्सल, बल रोलिङ, एरेन्जिङ द बल, अबस्टकल रेस, बल रिले रेस, स्कीप द हुप्स, फाइभ मेन रिले, रिले रेस, सैक रेस, स्पुन एन्ड मार्बल ब्यालेन्स, बूक ब्यालेन्सिङ, स्किपिङ, सक्स शू रेस, ब्रिक रेस, दौड, थ्री लेग्ड रेस, वाटर फिलिङ रेस, बैलून ब्रस्टिङ रेस, क्रिकेट, फूटबल, कबड्डी, बास्केटबल गरी २९ वटा खेलमा चारवटा हाउस ग्रीन, येलो, रेड र ब्लूबीच प्रतिस्पर्धा भएको थियो ।

कार्यक्रममा ज्ञानदा एकेडेमीका सहायक प्रधानाध्यापिका जागृति मिश्र, शैक्षिक प्रमुख सन्ध्या वशिष्ठलगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण शिक्षक केशव शर्मा र शिक्षिका निधि वर्माले गरेका थिए ।

## करातेमा नेपालले जित्यो पहिलो स्वर्णपदक

महाराष्ट्र, पुणे (भारत), १४ पुस/रासस

अन्तर्राष्ट्रिय खुला करातें प्रतियोगितामा नेपालले स्वर्णपदक जितेको छ । उमेर समूहको काता प्रदर्शनमा नेपालले पहिलो स्वर्णपदक जितेको हो ।

१० वर्ष उमेर समूहमा नेपालका खेलाडी सिद्वार्थ रानाले स्वर्णपदक जितेका हुन् । भारतीय राष्ट्रिय करातें सङ्घको आयोजनामा भएको प्रतियोगितामा बङ्गलादेश, श्रीलङ्कालगायत भारतका विभिन्न क्षेत्रबाट एक सयभन्दा बढी खेलाडी सहभागी छन् ।

प्रतियोगिता अन्तर्गत आज र भोलि विभिन्न उमेर र तौल समूहका फाइनल खेल हुनेछन् । प्रतियोगितामा नेपालका तर्फबाट महिला तथा पुरुष गरी १८ जना खेलाडी सहभागी छन् ।

## छिपहरमाईमा धर्ना

सुग्रीव साह, भिस्वा, १४ पुस/

छिपहरमाई गाउँपालिका कार्यालयअगाडि आइतवार स्थानीयहरूले दुई घण्टा धर्ना दिएका छन् । यही पुस ७ गते स्थानीय सङ्घर्ष समितिले गापाले गरेका कार्यहरूको सूचना माग गरेको थियो ।

सात दिन बित्दा पनि सूचना उपलब्ध नगराएको भन्दै आज दुई घण्टा धर्ना दिइएको थियो । सङ्घर्ष समितिले सात वर्षको आर्थिक, सामाजिक विकासका योजनाहरू सार्वजनिक गर्नुपर्ने, सौर्य सिंचाइ प्रणाली योजना, कन्यादान, छोरी बीमा, बर्थिङ सेन्टर निर्माणलगायत खरीद प्रक्रियाका कामहरूको विवरण माग गरेका थिए ।

२०७५–२०८१ सम्मका विवरण सात दिनभित्र उपलब्ध नगराएको भन्दै आज दुई घण्टा धर्ना दिइएको हो ।

## देशभक्त राजभक्त समूहले राजा वीरेन्द्रको जन्मजयन्ती मनायो

प्रस, वीरगंज, १४ पुस/

देशभक्त राजभक्त समूह पर्साले राजा



वीरेन्द्र वीर विक्रम शाहको ८०औं जन्मजयन्ती मनाएको छ ।

वीरगंज महानगर–६ महावीर मन्दिर प्राङ्गणमा कार्यक्रम आयोजना गरी जन्मजयन्ती मनाएको हो । कार्यक्रममा समूहका अध्यक्ष दीपेन्द्रप्रसाद रौनियार, उपाध्यक्ष सतीशकुमार श्रीवास्तव, अब्दुल सतार अन्सारी, वीरेन्द्र थापा, अञ्जु राणा, जनकलाल साह, पृथ्वी झा, ध्रुवसिंह ठकुरी, रविकुमार लाठलगायतले राजा वीरेन्द्रबारे मन्तव्य व्यक्त गरेका थिए ।

## ठोरी गापामा ...

पाउन सकेका छैनन् । बत्ती बालेर राखेर पनि राति हरिण, नीलगाई, बँदेल जस्ता जनावरहरूले दुःख दिने गरेको किसानहरू बताउँछन् ।

पुराना बोरा र सेता प्लास्टिक खेतबारीमा झुन्ड्याउँदा पनि जनावरको आतङ्क भने नघटेको ठोरी–४ का किसान जयबहादुर पाख्रिनको गुनासो छ । ठोरीका कतिपय किसान त बाली जोगाउनकै लागि राति घरबाहिर खेतमा नै सुत्ने गरेका छन् । पहरा दिएर बस्दा पनि बाली जोगाउन नसकिएको सोही वडाका किसान मानबहादुर तामाङले बताए ।

पर्सा राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज र भारतको सिमानामा पर्ने वाल्मीकि टाइगर परियोजना अन्तर्गतको जङ्गलले तीनतिरबाट घेरिएको ठोरीका पाँचवटै वडा जङ्गली जनावरबाट प्रताडित छन् । पालिकाले जङ्गली जनावर नियन्त्रणका योजना ल्याउनुपर्ने यस क्षेत्रका किसानको माग छ ।

## नेराआवि टिकुलियामा शिक्षक र पूर्वाधारको अभाव




प्रस, पंचगावाँ, १४ पुस/

नेपाल राष्ट्रिय आधारभूत विद्यालय पर्सागढी नगरपालिका–७ टिकुलियामा बालविकास र कक्षा १ देखि ८ सम्म २७५ जना विद्यार्थी अध्ययनरत रहेका प्रधानाध्यापक मनोज यादवले बताए । प्रअ यादवले निमावि तह कक्षा ८ सम्म अध्ययन भइरहेकामा निमावि तहमा शिक्षकको दरबन्दी नभएकोले प्राथमिक तहका दरबन्दीका शिक्षकको भरमा कक्षा ८ सम्म अध्यापन भइरहेको जानकारी गराएका छन् ।

उनले पर्सागढी नपा कार्यालयलाई विद्यालय भवन, शैक्षिक सामग्री अभाव, ह्वाइटबोर्ड नभएको र खेलकूद सामग्रीहरूको अभाव रहेको बारेमा पटक–पटक जानकारी गराउँदै आएको तर नगरपालिकाले अहिलेसम्म व्यवस्थापन नगरेकोले विद्यालय सञ्चालनमा समस्या भइरहेको बताए ।

विद्यालयमा विषयगत शिक्षकहरूको अभाव रहेको र ह्वाइटबोर्ड नहुँदा अध्ययनमा समस्या भइरहेको छात्रा मनीषा कुमारीले बताइन् । प्रअ यादवले विषयगत शिक्षकको अभाव रहेको कारण प्रावि तहका शिक्षकहरूलाई निमावि तहमा खटनपटन गराएर काम चलाउँदै आएको बताए ।

पर्सागढी नपा शिक्षा शाखा प्रमुख देव गिरीले विषयगत शिक्षकको हकमा विचारविमर्श भइरहेको र विद्यालयमा निमावि तहको लागि दुई कोठे भवन थप गरिएको बताए । उनले करारमा रहेका यस अघिका प्रअले शैक्षिक सामग्री बुझेको तर उनले बुझबुझारथ नगरेर गएको आरोप लगाए ।

## लागूऔषधसहित महिला पक्राउ

प्रस, वीरगंज, १४ पुस/

जिल्ला प्रहरी कार्यालय, बाराले लागूऔषधसहित एकजना महिलालाई नियन्त्रणमा लिएको छ । गएराति ११:३० बजे जीतपुरसिमरा उपमहानगर–१ पथलैयाचोकमा प्रहरीले गौरबाट काठमाडौं जाँदै गरेको यात्रुवाहक बस चेकजाँच गर्दा डिक्कीमा लुकाइराखेको नोरफिन, डाइजोपाम, फेनारगन ३६०० थान बरामद भएको र बसमा सवार



रौतहट कटहरिया नगरपालिका–७ बस्ने २१ वर्षीया मुस्कानकुमारी दासलाई नियन्त्रणमा लिएको बारा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले बताए । उनले इन्जेक्सन बरामद भएपछि सो कार्यमा संलग्न दासलाई नियन्त्रणमा लिएको र थप अनुसन्धान भइरहेको बताए ।

## सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं

**सामाजिक सञ्जालमाः**

- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुर्‍याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुर्‍याउने,
- जातीय भेदभाव, छुवाछूत र श्रमप्रति अपहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

**जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यास ट्याग गर्नु हुँदैन । त्यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन् ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,